# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०९ संख्याः ०५ मितिः २०४२।११।२५

## भाग-२

**सम्बत् २०८२ सालको कार्यविधि नं. ३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको **"माछापुच्छ्रे गाउँपालिकाभित्र टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२"** सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# माछापुच्छ्रे गाउँपालिकाभित्र टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः** माछापुच्छ्रे गाउँपालिकाका भित्रका वडा र गाउँपालिकाका विभिन्न स्थानहरुमा आवतजावत गर्न ठूला सवारी साधन नियमित एवं पर्याप्त नरहेका, ट्याक्सी लगायतका साना सवारी साधनहरु प्रयोग गर्दा अति महंगो पर्न गई सर्वसाधारणले सास्ती खेपिरहनु परेको अवस्थालाई अन्त्य गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १०२ को उपदफा (२) तथा माछापुच्छ्रे गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी माछापुच्छ्रे गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम माछापुच्छ्रे गाउँपालिकाभित्र टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ हुनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठकबाट पारित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **“ग्रामिण सडक”** भन्नाले यस गाउँपालिकाबाट बनाईएको, विस्तार गरिएको तथा गाउँपालिकालाई मर्मत सम्भार गर्ने गरी हस्तान्तरण भै आएका सडक सम्झनु पर्छ ।

(ख) **“सवारी साधन”** भन्नाले प्रचलित ऐन, नियम बमोजिम नगरपालिकाले व्यवस्थापन गर्ने अधिकार प्राप्त गरेका टेम्पो, अटोरिक्सा, ई-रिक्सा आदी सम्झनु पर्छ ।

(ग) **"कार्यविधि"** भन्नाले माछापुच्छ्रे गाउँपालिकाको टेम्पो अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ सम्झनु पर्छ ।

(घ) **"रुट अनुमति तथा भाडादर निर्धारण समिति"** भन्नाले कार्यविधिको नियम ७ बमोजिम गठित समिति सम्झनु पर्छ।

(ङ) **“सवारी धनी”** भन्नाले प्रचलित कानून बमोजिम सवारी धनी अनुमति पत्र प्राप्त व्यक्ति तथा संस्था सम्झनु पर्छ।

(च) **“प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले यस गाउँ कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(छ) **“रुट ईजाजतपत्र”** भन्नाले माछापुच्छ्रे गाउँपालिकावाट जारी भएको सवारी सञ्चालनका लागी दिइएको रुट ईजाजतपत्र सम्झनु पर्छ ।

(ज) “**भाडादर"** भन्नाले गाउँ कार्यपालिकाले तोकेको भाडादर सम्झनु पर्छ ।

(झ) **“गाउँपालिका”** भन्नाले माछापुच्छ्रे गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ञ) **“गाउँ कार्यपालिका”** भन्नाले माछापुच्छ्रे गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## दर्ता सम्बन्धी व्यवस्था

३. **<u>दर्ता गर्नु पर्नेः</u>** (१) टेम्पो, अटोरिक्सा इ-रिक्सा माछापुच्छ्रे गाउँपालिका भित्र सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले दर्ताका लागि देहाय बमोजिमका कागजात सहित अनुसुची-१ बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिन सक्नेछ ।

(क) सवारी धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

(ख) सवारी खरिद गरेको मिति र सम्भव भएसम्म खरिद गरेको बिल बिजक,

(ग) सवारीको चेसिस नम्बर,

(घ) सवारी चालकको तोकिए बमोजिमको निकायबाट प्राप्त गरेको आधिकारिक सवारी चालक अनुमतीपत्रको प्रतिलिपी,

(ङ) तेस्रो पक्ष बीमा, यात्रु बीमा गरेको प्रमाण।

(च) अन्य आवश्यक विवरण

(२) दफा (१) बमोजिमका कागजात सहित गाउँपालिकामा निवेदन गरेको १५ (पन्ध्र) दिनभित्र गाउँपालिकाले आवश्यक जाँचबुझ एवं छानबिन गरी गाउँ कार्यपालिकाबाट निर्णय गराई सवारी दर्ता गर्न सक्नेछ। यसरी सवारी दर्ता भएपछि उक्त सवारीको लगत अभिलेख खडा गरी पहिचान खुल्ने दर्ता नं उपलव्ध गराउन सक्नेछ।

तर, गाउँपालिकाले दर्ता नगर्दासम्म सम्बन्धित यातायात व्यवस्था कार्यालयमा दर्ता भई आएका सवारी साधनलाई अभिलेख प्रयोजनका लागी छुट्टै नम्बर प्रदान गरी अभिलेखीकरण गर्नुपर्नेछ।

(३) गाउँपालिकाबाट दर्ता गरेपछि नियमानुसार दर्ताको प्रमाणपत्रका अतिरिक्त सवारी चल्ने रुट समेत निर्धारण गर्नुपर्नेछ । दर्ता भएका टेम्पो, अटोरिक्सा, ई-रिक्साको अनुसूची-२ बमोजिमको निवेदन दिई वार्षिक नवीकरण गर्नुपर्नेछ ।

(४) दर्ता तथा नवीकरण शुल्क गाउँ सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

तर, चालू वर्षमा गाउँ सभाले दर्ता र नवीकरण शुल्क निर्धारण नगरेको भएमा गाउँसभावाट अनुमोदन गराउने गरी गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) दर्ता नवीकरणको म्याद नवीकरण गरेको मितिले एक वर्षको हुनेछ।

(६) रुट इजाजतपत्र शुल्क गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

तर, चालू वर्षमा गाउँ सभाले रुट ईजाजत शुल्क निर्धारण नगरेको भएमा गाउँसभावाट अनुमोदन गराउने गरी गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) गाउँपालिकाभित्र सञ्चालन हुने यस प्रकारका सवारी साधनहरुले गाउँ सभाबाट निर्धारण भए बमोजिम वार्षिक सवारी कर बुझाउनु पर्नेछ ।

तर, चालू वर्षमा गाउँ सभाबाट निर्धारण नगरेको भएमा प्रदेश सरकारले निर्धारण गरेको आर्थिक ऐन बमोजिम हुनेछ।

४. **<u>सञ्चालन गर्न अनुमती लिनुपर्ने</u>** (१) माछापुच्छ्रे गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने टेम्पो, अटोरिक्सा तथा इ-रिक्साका सोही प्रकृतिका अन्य साना सार्वजनिक सवारी साधनले समेत प्रचलित कानून बमोजिम दर्ता गर्नुपर्ने निकायवाट दर्ता गरी माछापुच्छ्रे गाउँपालिकाबाट अनुसूची-३ को ढाचाँमा रुट इजाजतपत्र लिने निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन जाचबुझ गरी अधिकार प्राप्त अधिकारीले अनुसूची-४ को ढाचाँमा रुट इजाजतपत्र दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको रुट इजाजतपत्रको अवधि छ महिनाको हुनेछ।

५. **<u>दर्ता वा अनुमति विना सञ्चालन गर्न नपाईने</u>** (१) यस गाउँपालिका क्षेत्रभित्र यस कार्यविधि बमोजिम दर्ता नगरी वा अनुमति नलिई कुनै पनि टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन गर्न पाईने छैन।

६. **<u>कम्पनी सूचिकृत हुनुपर्नेः</u>** (१) दफा ५ बमोजिम अनुमति लिई टेम्पो, अटोरिक्सा, इ-रिक्सा सञ्चालन गर्न चाहने कम्पनीले गाउँ कार्यपालिकाको कार्यालयमा कम्पनी सुचीकृत गरेर मात्र सवारी साधन सञ्चालन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति लिई सञ्चालन गर्न चाहने कम्पनीले कम्पनी दर्ताको प्रमाणपत्र, कम्पनी प्रवन्धपत्र, विनियामली, स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र लेखा परीक्षण प्रमाणपत्र संलग्न राखी निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमका कागजात जाझबुझ गरी कार्यालयले कम्पनी सुचिकृत भएको प्रमाणपत्र प्रदान गर्नेछ।

## परिच्छेद-३

## रुट तथा इजाजत सम्बन्धी व्यवस्था

७. **<u>रुट निर्धारणः</u>** (१) यस कार्यविधि बमोजिम दर्ता भई सञ्चालन हुने सवारी साधनहरु सञ्चालन गरिने रुटको निर्धारण दफा (८) बमोजिमको रुट इजाजत तथा भाडादर निर्धारण समितिको सिफारिसमा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) कुनै सवारी साधनलाई दिइएको रुट इजाजत रद्द गर्ने वा परिवर्तन गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ ।

८. **<u>रुट इजाजत तथा भाडादर निर्धारण समितिः</u>** (१) रुट ईजाजत तया भाडादर निर्धारण सम्बन्धी सिफारिश गर्न देहाय बमोजिम समिति हुनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) पूर्वाधार विकास समिति संयोजक | सदस्य |
| (ङ) गाउँ कार्यपालिका सदस्यमध्ये अध्यक्षबाट मनोनित कम्तीमा १ महिला | सदस्य |
| (च) यातायात व्यवसायी सङ्घको तर्फबाट १ जना प्रतिनिधी | सदस्य |
| (छ) स्थानीय ट्राफिक प्रहरी/प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| (ज) उपभोक्ता मध्येबाट नगर कार्यपालिकाले तोकेको १ जना प्रतिनिधी | सदस्य |
| (झ) प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले बैठकमा सरोकार राख्ने स्थानीय तथा प्रादेशिक कार्यालयका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

९. **रुट इजाजत तया भाडादर निर्धारण समितिको काम कर्तव्य अधिकारः** (१) रुट इजाजत तथा भाडादर निर्धारण समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

(क) टेम्पो, अटोरिक्सा, ई-रिक्सा जस्ता सवारी साधनको दर्ता, रुट निर्धारण, दर्ता तथा रुट खारेजी गर्न नगर कार्यचतिकालाई सिफारिस गर्ने,

(ख) प्रचलित ऐन कानून प्रतिकुल नहुने गरी ग्रामिण सडकहरुको भाडादर निर्धारण गरी नगर कार्यपालिकामा पेश गर्ने,

(ग) प्रचलित ऐन कानून बमोजिमका मापदण्ड पुरा गरी आएका सार्वजनिक सवारीलाई सवारी चाप, याचीको चाप मुल्यांकन गरी रुट इजाजत दिन सिफारिस गर्ने,

(घ) रुट इजाजत परिर्वतन गर्न चाहने सवारी धनीलाई कानून वमोजिम मुल्याङ्कन गरी प्रतिवेदन दिने,

(ङ) पटक पटक कार्यविधि उल्लङ्घन गर्ने सवारी साधनको रुट इजाजत खारेज गर्न सिफारिस गर्ने,

(च) गाउँपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने ।

(२) इजाजत समितिबाट सिफारिस गाउँ कार्यपालिकाबाट स्वीकृत भाडादर सवारी साधनमा सबैले देखे गरी टाँस्नुपर्नेछ। सवारी साधनले निर्धारित भाडादरभन्दा बढी भाडा लिन पाउने छैन। नगर कार्यपालिकाले यसरी निर्धारित भाडादर भन्दा बढी गर्ने टेम्पो, रिक्सा वा ई-रिक्साको अनुमतीपत्र खारेज गर्न सक्नेछ।

१०. **संख्या निर्धारण** (१) गाउँपालिका भित्र सञ्चालन हुने टेम्पो, अटोरिक्सा ई-रिक्साको संख्या गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) गाउँ कार्यपालिकाले उपदफा (१) बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था, स्थानीय आवश्यकता जस्ता पक्षको विश्लेषण र रुट इजाजत तथा भाडादर निर्धारण समितिको सिफारिस समेतका आधारमा गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम निर्धारण गरिएको संख्यालाई आवश्यकताका आधारमा नगर कार्यपालिकाले थपघट गर्न सक्नेछ ।

११. सवारी धनीले पालना गर्नुपर्ने विषयः (१) यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै कार्यविधिमा उल्लेख भए बमोजिम र सो बाहेकका सवारीधनीहरुले देहाय बमोजिमको आचरण पालना गर्नुपर्नेछ ।

(क) सवारीधनी र सवारी चालकको ठेगाना र फोन नं. सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सबैले देख्ने गरी राखुपर्नेछ,

(ख) प्रचलित कानुन वमोजिम यात्रु तथा तेस्रो पक्ष बीमा गराएको हुनुपर्नेछ,

(ग) निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न पाइने छैन,

(घ) दर्ता नभएका र नवीकरण नभएका सवारी साधनहरु सञ्चालन गर्न पाइने छैन,

(ङ) सवारीधनीले सवारी चालकलाई नियुक्तिपत्र वा फोटो सहितको परिचयपत्र उपलव्ध गराउनुपर्नेछ र सवारी चालकले अनिवार्य परिचयपत्र लगाउनुपर्नेछ,

(च) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी सञ्चालन गर्न पाइने छैन,

(छ) गाउँपालिकाबाट निर्धारित भाडादर सवारी साधनमा सबैले देख्ने ठाउँमा टाँस गर्नुपर्नेछ,

(ज) यात्रुहरुसँग तोकिएको भाडादर मात्र लिनु पर्नेछ । भाडादर यात्रुले देख्ने गरी सवारी साधनमा टाँस गर्नुपर्नेछ ।

## परिच्छेद-४
## विविध एवं सजाय सम्बन्धी व्यवस्था

११. **बीमा गर्नुपर्नेः** (१) सवारीधनीले प्रचलित कानून बमोजिम यात्रु तथा तेश्रो पक्ष बीमा गर्नुपर्नेछ ।

१२. **प्रमाणपत्र खारेजीः** (१) सवारीधनी तथा सवारी चालकले यस कार्यविधि विपरित कुनै कार्य गरेको, सवारी चालकले पालना गर्नुपर्ने आचरण पालना नगरेको, निर्धारित भाडादर भन्दा बढी भाडा असुल गरेको तथा प्रचलित अन्य यातायात व्यवस्था सम्बन्धी कानुन उल्लङ्घन गरेको भनी निजको इजाजतपत्र खारेजी गर्न समितिको सिफारिस भै आएमा नगर कार्यपालिकाको निर्णय बमोजिम त्यस्ता सवारी साधानको इजाजतपत्र प्रमुख प्रशासकीय अधिकृतले खारेजी गरी सो को अभिलेख राख्नेछ ।

तर, यसरी खारेजी गर्नु अघि सम्बन्धित सवारी धनीलाई सफाई पेश गर्ने मौका दिइनेछ ।

१३. **दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि विपरीत दर्ता अनुमति लिनुपर्नेमा सो नगरी सवारी सञ्चालन गरेको वा रुट अनुमति बिना सवारी चलाएको पाइएमा त्यस्ता सवारीधनीलाई रु ५(पाँच) हजार जरिवाना गरी नियमानुसार अनुमति लिन निर्देशन दिन सकिनेछ। यसरी निर्देशन दिँदा समेत सो को पालना नगरी सवारी चलाएको पाइएमा त्यस्ता सवारी जफ्त गरी नियमानुसार लिलाम बिक्री गरिनेछ ।

(२) यस कार्यविधि बमोजिम कुनै सवारी चालकले सवारी चालक अनुमतीपत्र प्राप्त नगरी सवारी चलाएको, तोकिएको भन्दा बढी भाडा असुल गरेको वा दफा (१०) बमोजिम आचरण पालना गरेको नपाईएमा निजलाई पहिलो पटकको लागि रु १००० जरिवाना दोश्रो पटक रु १५०० र पुनः तेस्रो पटक समेत सोही कसुर गरेमा रु ३००० जरिवाना गरिनेछ। तीन पटक भन्दा बढी सोही कसुर गरेको पाइएमा निजको दर्ता अनुमति र रुट इजाजत खारेज गरिनेछ ।

१४. **प्रचलित कानुन बमोजिम हुनेः** (१) यस कानुनमा लेखिए देखी बाहेकका विषयको हकमा प्रचलित प्रदेश कानुन बमोजिम हुनेछ।

१५. **व्याख्या तथा संशोधनः** (१) यस कार्यविधिको कुनै दफाको व्याख्या वा कुनै विषय संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाले थप व्याख्या र संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१

## दफा ३ को उपदफा (१) सँग सम्बन्धित

## सवारी दर्ता गर्न दिइने दरखास्त

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
माछापुच्छ्रे गाउँ कार्यपालिकाको कार्यालय,
लाहाचोक, कास्की ।

मेरो/हाम्रो नाममा खरिद भएको/ दर्ता रहेको निम्न विवण भएको सवारी शुरु दर्ता/अभिलेख दर्ता गर्न लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरु यसैसाथ राखी पेश गरेको छु/छौं। उक्त सवारी जाँच गरी मेरो /हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाणपत्र पाउन दरखास्त दिएको छु/छौ ।

१. सवारी झिकाउने/ दर्ता रहेको (व्यक्ति, फर्म कम्पनी वा संस्था) को नामथर :
२. ठेगाना :
३. पिता वा पतिको नामथर (व्यक्ति भएमा) :
४. साविकमा यातायातमा दर्ता भएको भए दर्ता नं/प्रमाणपत्र :
५. सवारीको किसिम :
६. सवारी बनाउने कम्पनीको नाम :
७. सवारीको मोडल न (निर्माण भएको साल :
८. सिलिण्डर संख्या :
१. हर्ष पावर सि.सि. :
१० सवारीको इन्जिन नं. :
११ सवारीको चेनिस नं. :
१२. सवारीको रङ्ग :
१३ प्रयोग गर्ने इन्धनको किसिम
१४. सवारीमा भएको इलेक्ट्रोनिक सारको उपकरण
१४. सवारीको वजन क्षमता
१६. भन्सार तिरको क. भन्सार कार्यालयको नाम :
ख. प्रज्ञापनपत्र नं. :
ग. रसिद नं. :
घ. मिति :
१७. अन्य प्रमाणको विवरण :

**कार्यालय प्रयोजनका लागी**

सवारी निरिक्षणको व्यहोरा :

प्रदान गरिएको दर्ता नं. :

सवारी रुट इजाजतपत्रको विवरण :

दर्ता मिति :

माथी उल्लेखित विवरणहरुका साथै माछापुच्छ्रे गाउँ कार्यपालिकाको मिति २०८........... गतेको निर्णय अनुसार सवारी दर्ता गर्न उपयुक्त देखिएकोले निर्णयार्थ पेश गर्दछु ।

| **पेश गर्ने** | **रुजु गर्ने** | **सदर गर्ने** |
|---|---|---|
| प्रशासन शाखा | प्रशासन शाखा | प्रमुख प्रशासकीय |
| पाचौं | प्रमुख | अधिकृत |

**अनुसूची-२**

**दफा ३ को उपदफा (३) सँग सम्बन्धित**

**दर्ता प्रमाणपत्र नवीकरण गराउन दिइने दरखास्त**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

माछापुच्छ्रे गाउँ कार्यपालिकाको कार्यालय,

लाहाचोक, कास्की।

मेरो/हाम्रो नाममा दर्ता भएको निम्न विवरण भएको सवारीको दर्ता प्रमाणपत्रको नवीकरणका लागि लाग्ने दस्तुर र अन्य आवश्यक निस्सा यसैसाथ संलग्न गरी दरखास्त दिएको छु/दिएका छौं ।

सवारी दर्ता नं :

सवारीको किसिम :

सवारी धनीको नामवर :

सवारी नवीकरण म्याद समाप्त भएको मिति :

सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्नुपर्ने अवधि :

सवारी साधन आयकर बुझाएको निस्सा :

(क) सवारी आयकर बुझाएको कार्यालय

(ख) सवारी आयकर बुझाएको अवधि

(ग) रसिद वा भौचर नं

(घ) मिति

भाडाका सवारीको लागि बाटो इजाजतपत्र

(क) बाटो इजाजतपत्र दिने कार्यालय

(ख) बाटो इजाजतपत्र पाएको क्षेत्र

(ग) बाटो इजाजतपत्र पाएको अवधि

(घ) बाटो इजाजतपत्र लिएको मिति

दरखास्तवालाको नामथर :

सही

ठेगानाः

मिति :

**<u>कार्यालय प्रयोजनका लागि</u>**

नवीकरण गरेको मितिः

नवीकरण गरेको अवधिः

| पेश गर्ने | रुजु गर्ने | सदर गर्ने |
|---|---|---|
| प्रशासन शाखा | प्रशासन शाखा | प्रमुख प्रशासकीय |
| पाचौं | प्रमुख | अधिकृत |

## अनुसूची ३
## दफा ४ को उपदफा (१) सँग सम्बन्धित
## सवारी रुट अनुमतीका लागि दिइने दरखास्त

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
माछापुच्छ्रे गाउँ कार्यपालिकाको कार्यालय,
लाहाचोक, कास्की ।

विषयः सवारी रुट अनुमती पाउँ ।

महोदय,

मेरो/हाम्रो नाममा रहेको र यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको देहाय बमोजिमको विवरण भएको टेम्पो, अटोरिक्शा, इरिक्शा निम्न रुटमा सञ्चालन गर्न अनुमती पाउँन दरखास्त वापत रु १०० (एक सय रुपैयाँ मात्र) को रसिद संलग्न राखी निवेदन गरेको छु/छौं ।

क) <u>सवारी साधनको विवरण</u>

१. सवारीको किसिम :
२. सवारी दर्ता नं र कार्यालय
३. सवारीको इन्जिन नं :
४. सवारीको चेसिस नंः
५. सवारीको मोडल र बनेको सालः
६. यात्रु सिट संख्याः

ख) <u>सवारी धनीको विवरणः</u>

१. नामथर :
२. ठेगाना :
३. संस्था भए सोको दर्ता विवरण

**ग) <u>सञ्चालन माग गरेको रुट :</u>**

घ) <u>संलग्न कागजातः</u>

१. सवारीदर्ता प्रमाणपत्र
२. सवारीधनीको नागरिकताको प्रमाणपत्र
३. विदेशी भएमा अनुमतीपत्र
४. संस्था भएमा संस्था दर्ता प्रमाणपत्र

प्रचलित ऐन कानूनमा व्यवस्था भएका सम्पूर्ण प्रावधानहरु पालना गरी सवारी व्यवसाय सञ्चालन गर्नेछु। यसमा लेखिएको व्यहोरा ठीक साँचो हो। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

मिति : 

दस्तखत :
आवेदकको नाम :
ठेगाना :

**अनुसूची ४**

**दफा ४ को उपदफा (२) सँग सम्बन्धित**

**सवारी रुट इजाजतपत्र**

आर्थिक वर्ष :

इजाजतपत्र नं: मिति :.........................

श्री.......................................

.......................................... ।

तपाईको नाममा दर्ता श्रेस्ता भएको देहायको विवरण भएको सवारी साधनलाई आ.व. २०..../..../.... लागि देहायको रुटमा सवारी साधन सञ्चालन गर्न रुट इजाजतपत्र दिइएको छ । प्रचलित कानूनको अधिनमा रही सवारी सञ्चालन गर्नुहुन अनुरोध छ ।

क) <u>सवारी साधनको विवरणः</u>

१. सवारीको किसिम :

२. सवारी दर्ता नं र कार्यालयः

३. सवारीको इन्जिन नंः

४. सवारीको चेसिस नंः

५. सवारीको मोडल र बनेको सालः

६. यात्रु सिट संख्याः

**ख) <u>सवारी धनीको विवरण :</u>**

१. नामथर :

२. ठेगाना :

३. संस्था भए सोको दर्ता विवरण

<u>ग) सञ्चालन अनुमती दिइएको रुट :</u>

<u>घ) सञ्चालन गर्न अनुमती दिइएको अवधि :</u>

<u>रुट इजाजतपत्र प्रदान गर्ने पदाधिकारीको</u>

दस्तखत :

नामथर :

पदः

मिति :

**नवीकरणको विवरण**

| मिति | रसिद नं. | नवीकरण अवधि | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**आज्ञाले**
**(केशव सुवेदी)**
**प्रमुख प्रशासकीय अधिकृत**